




गेरूवा गाउँपालिका अध्यक्ष श्री जमान सिं. के.सी. द्वारा गेरूवा गाउँपालिकाको

१८ औ गाउँसभा अधिवेशनमा प्रस्तुत गरिएको

# नीति तथा कार्यक्रम

## आर्थिक बर्ष २०८२/०८३

**गेरुवा गाउँपालिका,**

**पशुपतिनगर, बर्दिया**

**लुम्बिनी प्रदेश, नेपाल**

यस गाउँसभाका प्रमुख अतिथि ज्यू,
गाउँपालिका उपाध्यक्ष ज्यू,
गाउँसभाका सचिव ज्यू,
गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरू,
सम्पूर्ण राजानीति दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,
विभिन्न संजालका प्रमुख तथा प्रतिनिधिहरु ज्यूहरु,
राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न संघ-सस्थाका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना पश्चात दोस्रो कार्यकालको तेस्रो बर्षको १८ औं यस गरिमामय गाउँसभा अधिवेशन समक्ष आर्थिक बर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव महशुस भएको छ। यस गाउँसभा अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु ।

- यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र समुन्नत नेपाल निर्माणको लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तनका लागी भएको ऐतिहासिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू तथा बन्यजन्तुको आक्रमण, कोभिडको महामारी र प्राकृतिक विपदमा परी निधन हुनु भएका गेरुवावासी जनताप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा बेपत्ता नागरिक र तिनका परिवारजनप्रति उच्च सम्मान प्रकट गर्दछु।
- वर्तमान सरकार देशमा समाजवाद उन्मुख आर्थिक-सामाजिक रुपान्तरणका लागी राजनीतिक स्थायित्व, सुशासन समृद्धि, दिगो विकास र सामाजिक न्यायसहित **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न प्रतिबद्ध रहेको सन्दर्भमा मेरो नेतृत्वमा रहेको यस गाउँपालिकाको स्थानीय सरकार **"समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवा बासी"** बनाउन प्रतिवद्ध रहेको छ।
- जनताको सुख र समुन्नतिका लागी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी यस स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।
- संघीयताको सवलिकरण, अर्थतन्त्रको सुधार र पूर्नस्थापना, उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा नतिजामुखी सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु यस सरकारका मुख्य प्राथमिकता रहेका छन्।
- सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई परिमाणमुखी बनाई सेवा प्रवाहलाई सारभूत रुपमा आमजनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न गेरुवा गाउँपालिका स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ।

- गाउँपालिकालाई प्राप्त हुने संघीय सरकार, प्रदेश सरकार र आन्तरिक आय समेतको प्रक्षेपण गरी हुन आउने निश्चित श्रोत र साधनको न्यायोचित वितरण, समावेशी र सहभागितामूलक श्रोत परिचालन गरी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम ल्याइएको छ। यो नीति तथा कार्यक्रम **"समृद्ध गेरुवा सुखी गेरुवाबासी"** बनाउन मार्ग दर्शनको आधार हुने विश्वास लिएको छु।
- संविधान प्रदत्त मौलिकहकः सुरक्षित आवास, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, कृषि, पशु जस्ता महत्वपूर्ण नागरिकका दैनिक जीवन र मानव स्वास्थ्यसँग गाँसिएका हकहरु प्रत्याभूत हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक समावेशीता सहित विकासको मूल प्रभाहीकरणका लागी महिला, बालवालिका, ज्येष्ठ नागरिक अपाङ्ग, दलित, आदिवासी, जनजाती, थारु, सोनाहा, अल्पसंख्यक, लोपोन्मुख, मधेशी, मुस्लिम, पिछडावर्ग, यौनिक अल्पसंख्यक, युवा, द्वन्द्वपिडित, मुक्त कमैया, कमलरी, सिमान्तकृत, शहिद तथा वेपत्ता परिवारका सदस्यका लागी सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी गाउँपालिका स्तरीय विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन्।
- गाउँपालिकाको विभिन्न क्षेत्र र कार्यक्रममा निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संघ-संस्थाहरुसँग गाउँपालिकाको रणनैतिक विकास र समृद्रिका लागी सहकार्य र साझेदारी गर्ने नीति लिइनेछ।

**सभाका सदस्य ज्युहरु,**

अब म यस गेरुवा गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८२/०८३ मा अवलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**स्वास्थ्यः**

संविधानबाट प्राप्त स्वास्थ्य सम्बन्धी अधिकार र दायित्वलाई प्रत्येक नागरिकको जनजीवनमा बास्तबिक रूपमा रुपान्तरण गर्न, दिगो विकासको लक्ष्य प्राप्ति गर्न, स्वस्थ जिवनको सुनिश्चितता गर्न र सम्बृद्ध जिवनस्तर प्रवर्द्धन गर्न, स्वास्थ्य सेवा पाउनु जनताको अधिकार हो भन्ने विश्वव्यापि मान्यतालाई स्थापित गर्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूलाई अगाडी बढाईने छ ।

- गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउदै दिगो विकास लक्ष्य लाई सफल बनाउने कार्यमा जोड दिइने छ।
- बिशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्नकालागी स्वास्थ्य बिमामा जनचेतना अभिबृद्धि गरी स्वास्थ्य बिमामा जोड दिइने छ ।
- नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या जस्ता स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालनमा जोड दिइनेछ।
- बहुक्षेत्रीय पोषण, पोषणमैत्री स्वास्थ्य संस्था घोषणा र पोषणमैत्री स्थानीय शासन सन्चालन कार्यमा जोड दिइन छ ।
- एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ।

- सर्पदंश उपचारका लागी एम्बुलेन्स सेवा बापतको शुल्क प्रदान गरिनेछ।
- प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई अझै सुदृढ बनाई गाउँपालिकाको पहलमा समुदायमा आधारित स्वास्थ्य सेवाको गुणस्तर, पहुँच एवं प्रभावकारितामा अभिबृद्धि गरिनेछ।
- सिकलसेल एनेमिया रोकथाम  तथा न्यूनिकरण सम्बन्धी कार्यक्रम सन्चालनमा जोड दिईनेछ।
- आयुर्बेदको विकासमा जोड दिदै आयुर्बेद सम्बन्धी पूर्बकर्म, पञ्चकर्म, नागरिक आरोग्य, स्वस्थ जिवनशैली, विद्यालय आयुर्वेद तथा योग शिक्षा जस्ता कार्यक्रमलाई जोड दिईनेछ।
- प्रत्येक वडामा आयुर्वेद गाउँघर क्लिनिक संचालन गरिनेछ। **"उपाध्यक्ष आयुर्वेद कोशेली"** कार्यक्रम संचालन गरिनेछ।
- किशोरी आयुर्वेद पोषण, स्तनपाई तथा जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- योग, प्राकृतिक तथा बैकल्पिक चिकित्सा प्रणालीहरु, होमीयोपेथी चिकित्सा, जडिबुटीहरुलाई निरन्तरता दिदै अन्य परम्परागत चिकित्सा पद्धतिको संरक्षण एवं सम्वर्द्धन गरिनेछ।
- स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गर्न स्वास्थ्य उपकरणहरुको ब्यबस्थापन तथा मर्मत सम्भारको ब्यवस्था गरिने छ।
- स्वास्थ्य संस्थाबाट निःशुल्क बितरण हुने औषधीहरुको नियमित आपूर्तिलाई सुनिश्चित गरिने छ।
- संक्रामक तथा महामारी रोगको नियन्त्रण तथा रोकथाममा जोड दिईनेछ।
- स्वास्थ्य संरक्षण तथा प्रबर्द्धनका लागी  पर्यावरणीय मुलतःजल प्रदूषण, ध्वनी प्रदूषण, वायु प्रदूषणबाट हुने प्रतिकुल असरको प्रभावकारी नियन्त्रणमा जोड दिईनेछ।
- विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।
- स्वास्थ्यकर्मीहरुको ज्ञान र सिप बिकासको लागि आवश्यक तालिमको ब्यवस्थाका लागि पहल गरिने छ।
- पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिईने छ।
- सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत सुत्केरी महिलालाई पाँच हजारका दरले प्रदान गर्दै आएको पोषण खर्चलाई निरन्तरता दिइनेछ।
- फिल्डमा खटिने स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात खर्चलाई निरन्तरता दिइने छ।
- ६० बर्ष उमेर पुगी सेवा अवकास भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको रकम रु. एक लाख लाई निरन्तरता दिइनेछ।
- सफ्टवेयर मार्फत स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिबेदन ब्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- बिभिन्न रोगको निगरानी, नियन्त्रण, निवारण र उन्मुलनमा जोड दिईनेछ।
- प्रजनन् स्वास्थ्यमा टेवा पुऱ्याउन गर्भवती महिलालाई जोखिम एवम्  खतरायुक्त काममा नलगाउने सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने निति लिईनेछ।

- ❖ निःशुल्क रक्तदान शिविर सम्बन्धी कार्यक्रममा आवश्यक सहयोग गर्ने निति लिईनेछ।

**शिक्षाः**

- ❖ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम गाउँपालिका अन्तगर्तका सामुदायिक विद्यालयमा कक्षा १२ सम्म सञ्चालन गरिएको निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकाको स्थानीय दरबन्दीमा सामुदायिक विद्यालयको आधारभुत र माध्यमिक तहमा कार्यरत करार शिक्षक, विद्यालय नर्स र विद्यालय कर्मचारीलाई निरन्तरता दिइनेछ।
- ❖ सामुदायिक विद्यालयका बालबिकास शिक्षक, सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालक र विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकको मापदण्डमा तोकिएको बमोजिम हुने गरी गाउँपालिकाबाट थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ।
- ❖ शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको ब्यवस्थापनका लागि कार्यविधि बनाइ शिक्षक तथा कर्मचारी दरबन्दी मिलानको कार्य सुरुवात गरिनेछ।
- ❖ **"एक मा.वि. एक स्टाफ नर्स"** कार्यक्रमलाई निरन्तरता दिदै प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालन हुने स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमका लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्री, औषधि लगायतका उपकरणको उचित ब्यवस्थापन गरिनेछ
- ❖ शिक्षा सरोकारवालाहरुलाई उत्प्रेरणा शिक्षा र शैक्षिक अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ विभिन्न साझेदार संघ-संस्थाको समन्वय र सहकार्यमा विद्यालय उमेर समुहका सम्पुर्ण बालबालिकाहरूलाई बिद्यालयमा ल्याउन, कक्षा छाड्ने दरमा न्युनिकरण गर्न र टिकाउन सहयोगी हुने कार्यक्रमलाई निरन्तरता दिइनुका साथै अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई व्यवस्थित बनाइनेछ।
- ❖ आपतकालीन अवस्थाको शिक्षा र विपद्मा आइपरेको समस्याहरूलाई सम्बोधन गर्न सकिने गरी गाउँपालिकाबाट रणनीतिक कार्ययोजना बनाई शैक्षिक गतिबिधिहरू सञ्चालन गरिनेछ।
- ❖ शैक्षिक गुणस्तर सुधार गर्न बिषयगत शिक्षक कार्यशाला, शैक्षिक अन्तरक्रिया एवम् गोष्ठी, शिक्षक तथा कर्मचारीको क्षमता विकास अभिमुखिकरण, बैठक, सिकाइ सञ्जाल निर्माण, विद्यालय अनुगमन लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ❖ शिशु स्याहार केन्द्रलाई थप ब्यवस्थित बनाउदै शिशु स्याहार सहजकर्ताहरूलाई निरन्तरता दिइनेछ।
- ❖ सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधि (ICT) मा जोड दिदैं ICT सामाग्री सहयोगका कार्यक्रमलाई विस्तार गरिनेछ।
- ❖ गाउँपालिकामा उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई सम्मान एवम पुरस्कार प्रदान गर्ने नीति लिईनेछ ।

- ❖ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमसँग सम्बन्धित पूर्व सिकाइ मान्यता विधिबाट सिप परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ आधारभुत तह कक्षा ५ र कक्षा ८ मा सञ्चालन हुदै आएको गाउँपालिकास्तरीय बार्षिक परीक्षालाई निरन्तरता दिदै आ.व. २०८२।०८३ देखी कक्षा ३ को विद्यार्थीको सिकाइ स्तरमा सुधार गर्न र एकरुपता ल्याउन वडास्तरीय परीक्षा सञ्चालन गरिनेछ।
- ❖ शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न दिवस, उत्सव र समारोहका कार्यक्रमहरू सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ।
- ❖ आधारभुत तह कक्षा १-८ को **'हाम्रो गेरूवा'** स्थानीय बिषयको पाठ्यक्रम कार्यान्वयनमा एकरुपता कायम गर्दै स्थानीय पाठ्यक्रमको स्रोत सामग्री तथा पाठयसामाग्रीलाई थप व्यवस्थित बनाउदै लगिनेछ।
- ❖ सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यक्रमलाइ ब्यवस्थित र प्रभावकारी बनाउन सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई थप अनुदानको ब्यवस्था मिलाइनेछ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययन गर्ने अति विपन्न, दलित,जनजाति, अपाङ्ग, वेपत्ता तथा शहिद परिवार, द्वन्द पिडित परिवार, लोपोन्मुख, सिमान्तकृत समुदायका बालबालिका र जेहेन्दार बिद्यार्थीलाइ विद्यालय शिक्षा र उच्च शिक्षामा प्रोत्साहन स्वरूप छात्रवृत्ति प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।
- ❖ गेरूवा बहुमुखी क्याम्पसमा शैक्षिक कार्यक्रमहरु सञ्चालनका लागी सहजीकरण गरिनेछ।
- ❖ विद्यालयको शैक्षिक गतिविधीहरु लाई एकरुपता कायम गर्न शौक्षिक क्यालेन्डर लाई कार्यान्वयनमा ल्याइनेछ।
- ❖ शैक्षिक नतिजामा उत्कृष्ट सामुदायिक विद्यालय लाई प्रोत्साहनमा आधारित अनुदान उपलब्ध गराउने नीति लिईनेछ।
- ❖ विद्यालयहरुको वातारणलाई स्वच्छ, सफा र हरियाली बनाउन **"हरित विद्यालय सम्बन्धी कार्यक्रम"** कार्यान्वयनलाई निरन्तरता दिईनेछ।
- ❖ बालवालिकाको बृद्धि विकास एवम् प्रोत्साहन सम्बन्धी प्रतियोगिता, स्थानीय स्रष्टा तथा प्रदेश एवम् राष्ट्रकै गहनाको रुपमा रहेका व्यक्तिको बायोग्राफीसँगै प्रोत्साहन गरिनेछ।
- ❖ अंग्रेजी, गणित र विज्ञान बिषयका शिक्षकहरुको अभाव हुन नदिन शिक्षक बैंकको स्थापना गर्ने ब्यवस्था मिलाइनेछ।
- ❖ प्राविधिक शिक्षालय र विभिन्न संघ सस्थाको साझेदारीमा **"पढ्दै कमाउदै"** कार्यक्रम लाई सामुदायिक विद्यालयहरुमा थप व्यवस्थित रुपमा संञ्चालन गरिनेछ ।
- ❖ पालिका अन्तर्गतका प्राथमिक विद्यालयहरुमा नेपाली र अंग्रेज (दुवै) भाषाको माध्यमबाट अध्यापन गराउने कार्यको थालनी गरिनेछ।
- ❖ लुम्बिनी प्रदेश सरकारको साझेदारी र विद्यालयको सहकार्यमा **"मेरो विद्यालय मेरो दायित्व"** कार्यक्रमलाई सुरुवात गर्ने नीति लिईनेछ।

- पालिकाको सम्पूर्ण विद्यालयहरुमा प्रत्येक हप्ताको शुक्रवार व्यवहारिक तथा जीवन उपयोगी सिपमुलक कार्यक्रम सुरुवात गरिनेछ।
- अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै विद्यार्थीको पढाइ कुना ब्यवस्थापनमा अभिभावकलाई सचेत र जिम्मेवार बनाइनेछ।
- गाउँपालिकाको कुनै एक सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाइनेछ।
- आर्थिक रुपले विपन्न, अनाथ, असहाय, अभिभावक विहिन, अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा सर्वसुलभ पहुँच पुर्याउन आवासीय विद्यालयको स्थापनका लागि पहल गरिनेछ।
- संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई शैक्षिक सामाग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ।

## युवा तथा खेलकुद

- गाउँपालिकाले सञ्चालन गर्दै आइरहेको पालिकास्तरिय राष्ट्रपति रनिङ्गशिल्ड तथा अध्यक्षकप खेलकुद लगायतका अन्य खेलकुदका गतिविधिहरूलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकालाई खेलकुद क्षेत्रको हवको रूपमा विकास गर्न खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्नमा आवश्यक सहयोग र सहकार्य गरिनेछ।
- **"समृद्धिका लागि युवा, युवाका लागि सीप"** भन्ने अभियानलाई सबै सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा अगाडि बढाइनेछ।
- गाउँपालिकाबाट छनोट गरिएका प्रतिभावान युवाहरूलाई खेलकुदको क्षेत्रमा थप अगाडी बढ्न आवश्यक सहयोग एवम प्रोत्साहन गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरूको ज्ञान, सीप, प्रविधि र स्रोतलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ब्यवस्था मिलाइनेछ।
- समाज सेवा, स्वयंसेवा, सामाजिक जिम्मेवारी बोध सहित शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, विपद् व्यवस्थापन र सामाजिक सुधारका क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फूटनको लागि खेलमैत्री वातावरण निर्माणमा जोड दिई स्वस्थ र अनुशासित खेलाडी तयारीमा जोड दिइनेछ।
- खेलकुद क्षेत्रको विकासका लागि खेलकुद एकेडेमी स्थापानाका लागि आवश्यक पहल गरिनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त गरेका खेलाडीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका स्तरीय तथा वडा स्तरीय खेलमैदान निर्माण र मर्मत संभार कार्य लाइ निरन्तरता दिइनेछ।
- हरेक विद्यालयमा कम्तिमा एक जना खेलकुद प्रशिक्षक उत्पादनमा जोड दिइनेछ।

## खानेपानी, सरसफाई तथा स्वच्छताः

- खानेपानी सरसफाइ तथा स्वच्छता ऐन, २०८१ र विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०८१, लाई कार्यान्वयनमा ल्याईने छ।
- सरसफाइ र स्वच्छता सम्बन्धी खानेपानी योजनाहरूलाई एन-वास (NWASH) प्रणालीमा समाहित गरी अद्यावधिक गरिनेछ।
- सम्पूर्ण वडाहरुमा सुरक्षित खानेपानीको व्यवस्थापन गर्न संघिय सरकार, प्रदेश सरकार तथा सरोकारवाला निकायसगँ पहल गरिने छ।
- समुदाय तथा विद्यालयहरुमा पूर्ण सरसफाइ सम्बन्धी जनचेतनामुलक गतिविधिहरु संचालन गरिनेछ।
- पानीको गुणस्तर जाचँ गर्न राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार संघ र प्रदेश सरकारको सहकार्यमा न्यूनतम परिमितिहरुको जाचँ गरीने छ साथै पानीको गुणस्तर सम्बन्धमा समुदायलाई सचेतीकरण गरिनेछ।
- समुदाय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रयोग भइरहेको पानीको शुद्धिकरणमा जोड दिईने छ।
- गाउँपालिकाले सञ्चालन गर्ने वास (WASH) सम्बन्धी गतिविधीहरुमा विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुसँग सहकार्यमा कार्यक्रमहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।
- खानेपानी तथा सरसफाइ संरचनाहरु दिगोपना र नियमित संचालन गर्न गाउपालिका तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा मर्मत सम्भार तालिम प्रदान गर्नै सोका लागि आवश्यक औजार समेत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- संघ, प्रदेश सरकार र सरोकारवालाहरुसंगको सहकार्य तथा समन्वयमा मर्मत संभार कोष स्थापनाको लागी पहल गरिनेछ।
- प्लास्टीकजन्य तथा अन्य फोहोर व्यवस्थापनका लागी नागरिक सचेतना कार्यक्रम संञ्चालन गरिने छ।
- समुदाय, स्वास्थ्यसंस्था, विद्यालय र सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापन संरचना निर्माण कार्यलाई निरन्तरता दिईने छ।
- सार्वजनिक स्थल तथा कार्यालयमा प्लास्टिकजन्य सामाग्रीहरुको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक व्यवस्था मिलाईने छ।
- गाउँपालिकाका विभिन्न टोल, बस्ती तथा सार्वजनिक संस्थाहरुबाट उत्पादन हुने फोहोरमैलालाई व्यवस्थापन गर्न डम्पीङ साइटको व्यवस्थापन गरिनेछ।
- गाउँपालिकामा सञ्चालन रहेका प्रत्येक सामुदायिक विद्यालयमा शुद्ध एवम् स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।

- विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता प्रर्वद्वन सम्बन्धी सञ्चालन हुदै आइरहेका विभिन्न क्रियाकलापहरुलाइ निरन्तरता दिदै त्यस्को दिगोपना सुनिश्चितता कायम गर्नका लागी पहल गरिनेछ।

**<u>भौतिक पूर्वाधार विकास</u>**

- गाउँपालिकाबाट संचालनमा रहेका क्रमागत बहुवर्षीय योजनाहरु तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।
- विभिन्न योजनाहरु/कार्यक्रममा विकास साझेदारसँग सहकार्य गरी कार्य अगाडी बढाउन आवश्यक साझेदारी रकमको व्यवस्था गरिनेछ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ।
- टोल विकास समिति/ वडघर प्रणालीलाई आधिकारिक रुपमा दर्ता गरी उक्त समिति मार्फत विकास निर्माणका कार्य सञ्चालन गर्ने निति लिईनेछ।
- सडक दुर्घटनाको जोखिम न्यूनिकरण गर्न सडकको स्तरउन्नती, मर्मत सम्भार, सावधान संकेत, रिफ्लेक्टिभ साइन वोर्ड तथा जोखिमयुक्त घुम्तीहरुमा कन्भेन्स मिरर जडान गर्ने लगायतका कार्य गरिनेछ ।
- वस्तीस्तरबाट योजना छनौट गर्दा विभिन्न सूचकमा मूल्याङ्कन गरी प्राथमिकीरणका आधारमा योजनाहरुलाई छनौट गरिनेछ ।
- गाउँपालिकाले तयार गरेको यातायात गुरुयोजनालाई परिमार्जन गरी लागु गरिनेछ। सडक अधिकार क्षेत्र सम्बन्धी जानकारी प्रदान गर्न, विवादहरु समाधान गर्न तीनै तहका सरकारहरुको सहभागीतामा सचेतना कार्यक्रम संचालन गरिनेछ।
- घर अभिलेखीकरणको कार्यलाई थप व्यवस्थित गर्न कार्यविधि बनाई लागु गरिनेछ। नक्सा पास गरी घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्न घरधनीहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सेवामा विशेष प्राथमिकता दिईनेछ। घर नक्सा पास र अभिलेखिकरण सम्बन्धी जानकारी प्रदान गर्न कार्यक्रमहरु संचालन गरिनेछ।
- तिनै तहका सरकारहरुको एकल वा संयुक्त लगानीबाट विभिन्न वडाहरुमा सामुहिक आवास कार्यक्रम अन्तर्गत बनेका घरहरुको घर नं. लगायतका विवरण तयार गरी अभिलेख राख्ने कार्य प्रारम्भ गरिनेछ।
- भौतिक पूर्वाधार सम्बन्धी प्रोफाइल तयार गरी वस्तुस्थितिलाई अद्यावधिक गर्ने नीति लिइनेछ। गेरुवा गाउँपालिकाबाट संचालन हुने आयोजनाहरुलाई वर्गिकरण गरिनेछ। आयोजना वर्गिकरण गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरीनेछ।
- आयोजना वर्गिकरण गरी एकिन गरीएका महत्वपूर्ण सडकहरुको कालोपत्रे अस्फाल्ट प्रविधिबाट गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- समयमै कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीहरुलाई प्रोत्साहन गर्न प्रत्येक वर्ष **"उत्कृष्ट निर्माण व्यवसायी पुरस्कार"** को व्यवस्था गरी सम्मान गरिनेछ। समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

- मनसुन लगायत अन्य आकस्मिक अवस्थामा बिग्रेका संरचनाहरुलाई मर्मत गर्न पालिका स्तरीय मर्मत कोषको स्थापना गरी रकम विनियोजन गरिनेछ। कोषबाट रकम खर्च गर्न कार्यविधि बनाई लागु गरिनेछ।
- गाउँपालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री, वातावरणमैत्री र लैङ्गिकमैत्री बनाइने नीति लिइनेछ।
- जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने संरचनाहरु कृषि सिचाई डुड, पनफेकुवा, पक्की नहर, लाप्का, उच्च मचान जस्ता संरचनाहरुलाई उच्च प्रथामिकतामा राखिनेछ ।
- विकास निर्माण आयोजनाहरुमा काम गर्ने श्रमिकको सुरक्षामा विशेष ध्यान दिइनेछ। १० लाख भन्दा माथीका आयोजनाहरुमा अनिवार्य विमाको व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने योजनाहरुको गुणस्तरमा विशेष ध्यान दिइनेछ। १० लाख भन्दा माथीका आयोजनाहरुमा अनिवार्य ल्याव टेष्टको व्यवस्था गरिनेछ। गाउँपालिकाको सिभिल ल्याव व्यवस्थापनमा जोड दिईनेछ।
- प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न नेपाल सरकारका राष्ट्रिय गौरवका आयोजनाहरुमा फिल्ड अनुगमन भ्रमण गराईनेछ।
- गाउँपालिका क्षेत्र भित्रका दक्ष जनशक्तीलाई अनिवार्य सूचिकृतको व्यवस्था गरी सोही जनशक्तिबाट मात्रै गाउँपालिकाद्वारा सञ्चालन गरिएका विकास निर्माणका योजनाहरुको कार्य गर्ने नीति लिईनेछ ।

**<u>सूचना प्रविधि तथा सञ्चारः</u>**

- सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन मोबाइल एप (Application) निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि कार्यलाई प्रभावकारी बनाउने कार्यक्रम संचालन गरिनेछ।
- डिजिटल साक्षरता विस्तार गरी महिला, अल्पसङ्ख्यक एवम् पिछडिएको वर्ग, क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार गरिनेछ।
- सूचना प्रविधिलाई डिजिटल रूपान्तरणको आधारको रूपमा लिई सामाजिक, आर्थिक रूपान्तरण एवम् समृद्धि हासिल गर्ने निति लिईनेछ।
- **"डिजिटल गेरुवा फ्रेमवर्क"** अभियान सञ्चालन गरी प्रविधि र क्षमता विकास मार्फत कर्मचारीको उत्पादकत्वमा अभिबृद्धि गरिनेछ।
- गाउँपालिकामा सूचना प्रविधिको प्रयोग गरी विभिन्न वडा तथा स्वास्थ्य सस्थाहरूको तथ्यांकलाई एकिकृत गर्न **"डेटा सेन्टर"को** स्थापना गरिनेछ।
- गाउँपालिका र अन्तर्गतका कार्यालय एवं विद्यालयमा संचालनमा रहेका ई-हाजिरीलाई थप व्यवस्थित गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

- ❖ गाउँपालिकाको हरेक वडामा संचालनमा रहेका डिजिटल नागरिक वडापत्रलाई समायानुकुल परिमार्जित गरी व्यवस्थित बनाइनेछ।
- ❖ स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहन गरिनेछ।

**भूमि व्यवस्थापनः**

- ❖ **"जग्गा प्रशासनमा सूशासन"** भन्ने नाराका साथ यस गेरुवा गाँउपालिकाले जग्गा प्रशासन सम्बन्धि कामलाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
- ❖ भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ (संशोधन सहित) मा व्यवस्था भए बमोजिम हालै गरिएको गाउँपालिकाको जग्गा वर्गिकरणलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याईनेछ।
- ❖ भूमि सुधार कार्यालय बर्दिया मार्फत मुक्त कमैयाहरुलाई वितरण गरिएको जग्गाधनी पुर्जा र जग्गा जोतभोग सम्बन्धि समस्या समाधानको लागी मालपोत तथा भूमि सुधार कार्यलय, नापी कार्यलय, लगाएतका सरोकारवालाहरुसँगको समन्वय बैठक मार्फत समस्या समाधानको लागी आवश्यक पहल गरिनेछ ।
- ❖ गाउँपालिका अन्तर्गत रहेका सरकारी, सार्वजनिक सामुदायिक सम्पत्तिको लगत संकलन गरि संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाच ,नक्सांकन, फिल्डबुक, जग्गा धनी तेरिज, जग्गाधनी श्रेष्ता, जग्गाको क्षेत्रफल मिलान गरी जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यमा आवश्यक पहल गरिनेछ।
- ❖ भू-सूचना प्रणाली स्तरोउन्नती सेवा प्रवाहमा सुधार गरिनेछ ।भूमिको नाप जाँच र तथ्याङ्क व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

**कृषिः**

- ❖ कृषि उत्पादनलाई बजारीकरणमा टेवा पुऱ्याउन प्रत्येक वडाहरुमा कृषि संकलन केन्द्रको स्थापना तथा संचालन गर्ने कार्यको सुरुवात गरिनुका साथै कृषि ढुवानी साधनको व्यवस्थापन गरिनेछ।
- ❖ स्थानीय कृषि उपजहरुको सहज बजारीकरणको लागि स्थानीय हाटबजारको प्रवर्द्धन गरिनेछ।
- ❖ कृषकहरुको क्षमता अभिवृद्धिका लागि कृषक पाठशाला (आई.पि.एम.) स्थलगत घुम्ती तालिमलाई निरन्तरता दिइनेछ।
- ❖ कृषकहरुलाई फलफूल खेतीमा आत्मनिर्भर हुन हावापानी सुहाउँदा विभिन्न फलफूल खेतीको विस्तारमा जोड दिइनेछ।
- ❖ कृषकहरुको खेतबारीमा भैपरी आउने रोग किराको समस्या पहिचान गर्न बाली उपचार शिविर तथा समस्या समाधान गर्न आकस्मिक बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकालाई खाद्यान्न बालीको बीउमा आत्मनिर्भर बनाउन बीउ उत्पादन कार्यक्रम संचालन गरिनेछ। शान्तिबजारमा निर्माण भएको बिउ प्रशोधन केन्द्र संचालनमा ल्याइनेछ।
- ❖ कृषकहरुलाई सरल र सहज तरीकाबाट खेती गर्नका लागि कृषि यान्त्रीकरण तथा अनुदानका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- गाउँपालिका स्तरिय कृषकहरुको उत्पादनलाई प्रर्वद्धन तथा उत्कृष्ट कृषकहरुलाई स-सम्मान, प्रोत्साहान गर्न पालिका स्तरिय कृषि मेला कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विग्रदो माटोको अवस्थालाई सुधार गर्नको लागि माटोको परीक्षणलाई निरन्तरता दिनुका साथै हरियो मल, कम्पोष्ट मल तथा प्राङ्गारीक मलको प्रयोगमा विशेष जोड दिइनेछ। कृषि उपजको उत्पादन तथा उत्पादकत्त्व मापन गर्न बाली कटानी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषि क्षेत्रको विकासका लागि आवश्यक पर्ने **"कृषि स्नातक तथा एक गाउँ एक प्राविधिक"** कार्यक्रममलाई निरन्तरता दिइनेछ।
- कृषि क्षेत्रको बिस्तार गरी उत्पादन बृद्धी गर्न तटीय क्षेत्रको खालि भू-भागमा बगर खेती कार्यक्रम लागु गरिनेछ।
- कृषकको आयआर्जनमा वृद्धि गर्न दलहन तथा घुसुवा बालीको खेतीमा जोड दिइनेछ।
- युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न असार १५ मा राष्ट्रिय धान दिवस मनाइनेछ।
- स्थानीय कृषि उपजको उत्पादनमा बृद्धि र निर्यात प्रवर्द्धन गर्न किसानहरुलाई उन्नत जातको खाद्यन्न बाली, उन्नत तथा हाइब्रेड तरकारी र च्याउको बिउ वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रमा उत्पादित कृषि उपजको सुरक्षित भण्डारणको लागि निर्माणाधीन रहेको शित भण्डार (कोल्ड स्टोर) को निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ।
- नगदेबालिको उत्पादनमा वृद्धी गरी आत्मनिर्भर बनाउनको लागि सहज बजारीकरण तथा निर्यातको प्रवन्ध गरिनेछ।
- जगली जनवारबाट कृषि बालीनालीमा हुने क्षतिलाई न्यूनीकरण गर्न बैकल्पीक कृषि खेती (जस्तैः वेसार, तिल, अदुवा र अल्सी खेति) मा जोड दिइनेछ।

**पशुपन्छी विकासः**

- प्रत्येक वडाका पशु सेवा केन्द्रबाट निशुल्क रूपमा औषधी बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पशु चौपायाहरुलाई सरुवा रोग लाग्नबाट बचाउनका लागि पशु खोप कार्यक्रमलाई निरन्तरता दिदैं खोप अभियान संचालन गरिनेछ ।
- दुध उत्पादनलाई बढावा दिन ब्यावसायिक कृषकहरुको लागि हिउदे घाँसको बिउ ५० प्रतिशत अनुदानमा र बर्षे घाँसको बिउ निःशुल्क बितरणको कार्यलाई निरन्तरता दिइनेछ।
- गाई, भैसी, बाख्रामा निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका लाई रेबिज रोग मुक्त पार्न घरपालुवा तथा सामुदायिक कुकुरको बन्ध्याकरण तथा खोप कार्यक्रम संचालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य परजीबी नियन्त्रणमा जोड दिइनेछ। बाह्य परजीबी नियन्त्रणको लागी प्रत्येक वडाको पशु सेवा केन्द्रमा डिपिङ ट्यांक निर्माण गरिनेछ।
- गौशालालाई थप व्यबस्थित गरी सोबाट हुने आय आर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

- ❖ पशुपन्छिहरुको आहार व्यवस्थापनको लागी आवश्यक पर्ने उपकरणहरु बितरण कार्यक्रमलाई निरन्तरता दिईने छ।
- ❖ आकस्मिक महामहारी जन्य रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईने छ।
- ❖ पशुपालक किसानलाई व्यावसायिक पशुपालन प्रति आर्कषित गर्न **"बंगुरका पाठापाठी, बोयर बोका, मुर्रा वितरण तथा खोर निर्माण"** जस्ता अनुदानका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ साझेदारी संस्था कोइकाको सहकार्यमा दुधजन्य व्यवसायको प्रवर्द्धन गर्ने कार्य अगाडी बढाइनेछ।

**सहकारीः**

- ❖ सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, नियमनमा जोड दिदै सुशासन प्रवर्द्धन गरिनेछ।
- ❖ सहकारी संस्थाहरुलाई कोपोमीस प्रणालीमा आबद्ध गराई प्रतिवेदन प्रणालीमा सुधार, संचालन तथा ब्यबस्थापनमा जोड दिईनेछ।
- ❖ सहकारी क्षेत्रका सुधार सुझाव कार्यदलको प्रतिवेदन, २०८० लाई तदारुकताका साथ कार्यान्वयन गर्दै लगिनेछ।
- ❖ सहकारी संस्थाहरुमा उत्पादन भएका बस्तुहरुको बजारीकरणको लागी सुपथ मुल्य पसल सञ्चालन, उद्यम विकास प्रबर्द्धन र प्रविधि हस्तान्तरण एवं रसायनिक मल आयात निर्यातमा पहल गरिनेछ।
- ❖ सहकारी संस्थाहरुमा भएका समस्याहरु, विकृति विसंगतिहरुको न्यूनिकारण गरी असल अभ्यासहरुको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका कार्यक्रमहरु अगाडी बढाईनेछ।
- ❖ सहकारी संस्थामा उपलब्ध उपभोग्य वस्तुलाई विद्यालयको दिवा खाजा कार्यक्रममा प्रयोगका लागि पहल गरिनेछ।

**उद्योग, वाणिज्य तथा व्यापारः**

- ❖ उद्यम-व्यवसायलाई प्रोत्साहन गर्न यस गाउँपालिकामा संचालनमा रहेका उद्योग-व्यवसायहरुमध्येबाट उत्कृष्ट उद्यमी छनौट गरी सम्मान गरिने छ।
- ❖ कृषि तथा पशुपालनमा उत्कृष्ट व्यवसायिक किसानलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ ब्यवसायीहरुलाई बित्तीय साक्षरता सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय स्रोत साधनको प्रयोग गरी लोप हुदै गईरहेको सिपलाई उजागर गर्नका लागी लक्षित समुहलाई (ढकिया, डेलुवा) बुनाई सिपमुलक तालिमको ब्यवस्था गरिनेछ ।
- ❖ बजार अनुशासन कायम गराउनको लागि बजार अनुगमन तथा व्यबस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- ❖ दर्ता/नविकरण नभई संचालनमा रहेका व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता/नविकरण गर्नुपर्ने नीति लिइनेछ।

**उद्यम विकास तथा गरीबी निवारणः**

- गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। सामाजिक परिचालन अन्तर्गत गाउँपालिका, वडा र बस्ती स्तरीय अभिमुखिकरण तथा सहभागिता मुलक ग्रामिण लेखाजोखा कार्यक्रमहरू संचालन गरिनेछ।
- स्थानीय बजार मागका आधारमा गाउँपालिका क्षेत्र भित्रका नागरिकलाई उपलब्ध कच्चा पदार्थको सदुपयोग गरी सिप विकासका तालिमहरु संचालन गरी नयाँ लघु उद्यम सिर्जना गरिनेछ।
- कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता आवश्यकता, सम्भाब्यता, कच्चा पदार्थ र बजारको उलब्धता समेतको आधारमा उद्यमीहरुलाई समूहमा आबद्ध गराई कार्यक्रम संचालन गरिनेछ।
- नयाँ लघु उद्यममा आबद्ध हुने ब्यक्तिको क्षमता बिकास गर्न तालिम संचालन गरी प्रबिधि हस्तानन्तरण गर्दै आत्मनिर्भर हुने वाताबरण सिर्जना गर्ने कार्य गरिनेछ।
- स्थानीय स्रोत साधनको सदुपयोग गरी उत्पादनमुलक व्यबसायमा अग्रसर गराईनेछ।
- महिला, विपन्न, आदिवासी जनजाती, दलित र एकल महिलालाई लक्षित गरी उद्यमशिलता तथा सिप विकास तालिमका कार्यक्रमहरु संचालन गरिनेछ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गतका उकृष्ट उद्यमीहरुलाई पुरस्कृत गरिनेछ।
- नयाँ लघु उद्यमीहरूको बित्तीय सेवा र बजारीकरणमा पहुँच सुनिश्चितता गराईनेछ। लघु उद्यमीहरुको स्तरोन्तीको लागि आवश्यकता अनुसार उद्यम ब्यवसाय सुधार तथा बिस्तार सम्बन्धी सिप बिकासका तालिमहरु संचालन गरिनेछ ।
- लघु उद्यम व्यवसायलाई प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता गर्न पहल गरिनेछ।

**<u>रोजगार तथा स्वरोजगारः</u>**

- गाउँपालिकामा रोजगार प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरी आवश्यक जनशक्तिको ब्यवस्थापन गरिनेछ।
- बेरोजगार ब्यक्तिहरुको बिवरण अद्यावधिक गरी गाउँपालिका क्षेत्र भित्रका पूर्वाधार बिकासका कार्यहरूमा संग्लन गराई न्यूनतम रोजगारीको अबसरमा संलग्न गराईने छ। सोको लागी गेरुवा गाउँपालिकाबाट सहकार्य र साझेदारीको नीति अपनाईने छ ।
- लक्षित बर्ग महिला अल्पसंख्यक तथा सिमान्तकृत समुदायलाई रोजगारीको अबसर सिर्जना हुने खालका सिप बिकासका तथा स्वरोजगारमुलक कार्यक्रम संचालन हुने ब्यवस्था मिलाईनेछ ।
- बेरोजगार तथा रोजगारीका अबसरहरुको सूचना तथा तथ्याङक प्राप्तका लागि नक्साङ्कन गर्ने ब्यवस्था मिलाईनेछ ।
- बैदेशिक रोजगारीमा जाने ब्यक्तिहरुको श्रम स्वीकृतीका लागी सहजीकरण गरिनेछ।
- बैदेशिक रोजगारीमा जान चाहने ब्यक्तिहरुलाई लक्षित गरी बैदेशिक श्रम बजारमा उच्च माग भएका सिप र दक्षतामा आधारित प्राबिधिक तथा ब्यवसायिक तालिमहरू प्रदान गर्न आवश्यक समन्वय गरिनेछ।
- बैदेशिक रोजगारीमा गएका ब्यक्तिहरुको मृत्यु तथा अङ्गभङ्ग, बिरामी भई अलपत्र परेमा बैदेशिक रोजगार बोर्डबाट पाउने सेवा सुबिधामा सहजीकरण गरिनेछ।

- **"बैदेशिक रोजगारमा जानु पूर्वःश्रम स्वीकृती र सिपमुलक तालिम अनिर्वाय"** भन्ने नाराका साथ अभियान संचालन गरी जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ ।
- बैदेशिक रोजगारीमा जान चाहने ब्यक्ति, बैदेशिक रोजगारबाट फर्केका ब्यक्ति र बैदेशिक रोजगारीमा गएका ब्यक्तिहरुको परिवारसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुलाई उनीहरुको ज्ञान सिप र पुजीलाई परिचालन गरी उद्यम विकास र रोजगारीमा संलग्न गराउने ब्यवस्था मिलाईनेछ।
- बालश्रम मुक्त स्थानीय तह घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु संञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा रहेका र वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरुको अवस्था एकिन गर्न गाउँपालिकाको माइग्रेशन प्रोफाइल (migration profile) बनाइनेछ।
- बैदेशिक रोजगारीमा गएका, जान चाहने र फर्केका ब्यक्ति तथा ब्यक्तिका परिवारलाई मानसिक तथा मनोसामाजिक समस्यामा परेका ब्यक्तिहरुलाई मनोसामाजिक परामर्श दिइनेछ।

**<u>सुशासन तथा सेवा प्रवाहः</u>**

- आर्थिक र प्रशासनिक अनुशासन कायम गर्न प्रचलित कानूनी प्रावधानहरूको अक्षरशः पालना गरिनेछ। साथै, आवश्यक कानूनी प्रावधानहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- आर्थिक कारोबारलाई चुस्तदुरुस्त र पारदर्शी बनाउदै गत विगतमा कायम रहेको बेरुजुलाई समेत फछ्यौट गरी शुन्य बेरुजुको नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको विज्ञ जनशक्तिको आवश्यकता भएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूको सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी, अध्ययन भ्रमण र अनुभव आदानप्रदान कार्यक्रमहरूलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ।
- जनगुनासोलाई सम्बोधन गर्दै गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा थप पारदर्शिता कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- सेवा प्रवाहलाई चुस्तदुरुस्त एवं पारदर्शी बनाउन सफ्टवेयर प्रणाली अवलम्बनमा जोड दिइनेछ साथै संचालनमा रहेका सफ्टवेयरको सुदृढीकरण गरिनेछ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा पहुँचयोग्य बनाउन सूचना प्रविधीमा जोड दिइनेछ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्द्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्न व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँ, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सडक बत्ति तथा सि. सि. टि. भि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी सम्पतिको अभिलेख राखी त्यस्ता सार्वजनिक सम्पतिको संरक्षणमा जोड दिइनेछ।

- गाउँपालिका र गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रममा सहभागी गराउन आवश्यक व्यवस्था गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिकामा कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछन।
- साविक स्थानीय निकायको सेवाबाट समायोजन भएका कर्मचारीहरुको अवकाश पछिको सेवा सुविधा प्रदान गर्ने नीति लिइनेछ।
- कार्य सम्पादनमा उत्प्रेरणा अभिवृद्धि गर्न राष्ट्रसेवक कर्मचारीहरूलाई प्रोत्साहन सुविधा प्रदान गर्ने नीति लिइनेछ।
- सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रविधि मैत्री बनाइनेछ। कार्यालयका सबै सूचनाहरू सूचना अधिकारीमार्फत् प्रवाह हुने व्यवस्था मिलाई सूचनाहरू कार्यालयको वेभपेज डिजिटल बोर्ड मार्फत सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।
- सभा तथा गाउँ कार्यपालिकाका विषयगत समितिलाई सक्रिय, नियमित र चलायमान बनाउँदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ।
- सार्वजनिक र सामुदायिक सम्पत्तिको संरक्षण, अभिलेखिकरण, तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गेरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली तयार गर्ने कार्य अगाडी बढाईनेछ।
- गुनासो सुनुवाई सयन्त्रलाई प्रभावकारी बनाइनेछ।
- सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउन नागरिक समाज, सुशासन सम्बद्ध संस्थाहरू तथा सरोकारवालासँग सहकार्य र समन्वयमा अभिवृद्धि गरिनेछ।
- कार्यालयको आन्तरिक कार्य वातावरणलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ।

**<u>राजस्व तथा आन्तरिक श्रोत परिचालनः</u>**

- आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण र गैससको स्रोत परिचालनका लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय, गैसस, र विकास साझेदारहरूसँग परामर्श, समन्वय र साझेदारी गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनुको साथै, करको दायरा विस्तार गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
- घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा बस्नेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

- गाउँपालिकामा रहेका भारी सवारी साधनको भाडा दर समय सापेक्ष सुदृढ गर्दै लगिनेछ।
- ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**<u>न्यायिक समितिः</u>**

- न्याय सम्पादनमा खटिने पदाधिकारी, कर्मचारी लगायतका सरोकारवालाहरुको क्षमता विकास गरी विवाद समाधानमा सक्रियता बढाउँदै लगिनेछ।
- न्यायिक प्रणालीलाई संस्थागत गर्दै विपन्न वर्गका पिडितहरुका लागि मनोसामाजिक परामर्श सेवा तथा निःशुल्क कानुनी सहायताका लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- सामाजिक न्याय स्थापनाका लागि जनचेतनामुलक, सूचनामुलक, समन्वयात्मक तथा साझेदारीका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- न्यायिक प्रणालीमा सुधार गर्न समयसापेक्ष आवश्यक कानुन निर्माण तथा संशोधनको प्रकृयाहरु एवं जनशक्ति ब्यवस्थापनको प्रकृया अगाडी बढाईनेछ।
- कानूनी प्रक्रियाहरूको अवलम्बन गर्दै निर्णयहरूको छिटो, छरितो र सर्वसुलभ कार्यान्वयन सुनिश्चित गरिनेछ, साथै कार्यान्वयनको अनुगमन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरी प्रभावकारी बनाइनेछ।
- न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको शीघ्र र प्रभावकारी निरुपण गरी न्याय सम्पादनको प्रक्रिया सुदृढ र पारदर्शी बनाइनेछ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई सङ्कलन तथा प्रकाशन गरी व्यवस्थित गरिनेछ।
- स्थानीय बासिन्दाको न्याय सम्पादनमा सहजता प्रदान गर्नका लागि वडा कार्यालयहरूको मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।
- न्यायिक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयनलाई विशेष जोड दिइनेछ।
- विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ।
- संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**<u>सामाजिक सुरक्षा तथा पञ्जिकरणः</u>**

- सामाजिक सुरक्षा भत्ता हरेक लाभग्राहीको बैंक खातामा भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको राष्ट्रिय परिचय नम्बर (NIN) लागु गरिनेछ।

- ❖ सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउन वायोमेट्रिक डिभाइसको माध्यमबाट लाभग्राहीहरूको दर्ता, पहिचान तथा नवीकरण गरिनेछ।
- ❖ व्यक्तिगत घटना दर्ता सप्ताह मनाइनेछ। साथै, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रम लक्षित समूहमा सञ्चालन गरिनेछ।

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरणः</u>**

- ❖ राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सवै निर्णायक तहमा महिलाको नेतृत्वका लागि प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ।
- ❖ महिला सशक्तिकरणका लागि संविधान प्रदत्त मौलिक हकहरूको सुनिश्चितता गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरू लागू गरी सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।
- ❖ महिला उद्यमशीलता मार्फत स्वरोजगारी बढाउने, पुरुष सरह महिलालाई समान ज्याला उपलब्ध गराउने, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक भेदभाव हटाउने नीति लिइनेछ।
- ❖ जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैंङ्गिक हिंसा निवारण तथा बाल अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- ❖ मानव मयार्दाको गाउँपालिका बनाउन जातीय छुवाछुत तथा सामामाजिक विभेद र उत्पीडनको व्यवहार अन्त्यको लागि आवश्यक रणनिति र अभियानहरु संचालन गरिनेछ।
- ❖ महिला हिंसा न्यूनिकरण एवं सशक्तिकरण, यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको हित प्रवर्द्धनात्मक तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- ❖ विकासको मूलप्रवाहमा आउन नसकेका आदिवासी, जनजाति, दलित, मुक्त कमैया, मुक्त कमलरी एचआइभि एड्स पिडित, द्धन्द्धपिडित तथा पछाडी परेको वर्ग, समिन्तकृत समुदाय, अल्पसंख्यकहरुलाई विकासको मूल प्रवाहमा ल्याइनेछ।
- ❖ यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको पहिचान गरी उनीहरुको क्षमता विकास तथा सशक्तिकरण गरिनेछ।
- ❖ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरी आवश्यक कार्यक्रम संकलन गरिनेछ।
- ❖ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- ❖ आमा समूह, विभिन्न क्लव, संजाल जस्ता सामुदायिक संस्थाहरुसँग सामाजिक रुपान्तरणका क्रियाकलाप संचालनमा समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाहरुले संचालन गरेका उद्योग व्यवसायहरुमा लाग्ने करमा शतप्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ।

- लागुपदार्थ दुर्व्यसन विरुद्ध समुदाय र विद्यालय स्तरदेखि नै चेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ। दुर्व्यसनमा फसेका व्यक्तिहरुलाई सुधार केन्द्र तथा मनोचिकित्सा विधिमार्फत पुर्नस्थापना गर्न विशेष पहल गरिनेछ।
- अपाङ्गताका क्षेत्रमा क्रियाशिल सामाजिक संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै सहायता सामाग्री वितरणको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाले संचालन गर्दै आएको **"छोरी बचाउ कार्यक्रम"** लाई निरन्तरता दिईनेछ।
- गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा स्तनपान कक्षको निर्माण गरिनेछ।
- बालविवाह, बालश्रम जस्ता सामाजिक समस्याहरुको न्यूनिकरण गर्न किशोर-किशोरीहरू तथा बालबालिकाहरूका लागि नेतृत्व तथा क्षमता विकास गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- विभिन्न किसिमका हिंसाको जोखिम परेका महिला तथा बालबालिकाहरुलाई समुदायमा स्थापित हुने खालका मनोपरामर्श र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- महिला विकास कार्यक्रममार्फत स्थापना भएका महिला सहकारी संस्थाहरूको सशक्तिकरण र दिगो विकासका लागि आवश्यक तालिम, सहयोग र नेतृत्व विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- गाउँपालिकाले संचालन गर्दै आएको लक्षित वर्गका लागी निःशुल्क लोकसेवा तयारी कक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- वाल विवाह लगायत अन्य हिंसाका घटनाहरूको गोप्य उजुरी संयन्त्रको विकास गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- बालविवाह विरुद्धको अभियानलाई सशक्त र प्रभावकारी बनाउदै बाल विवाह मुक्त वडा घोषणा गर्न पहल गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अवलम्वन गर्दै सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय, सहकार्य गरी विभिन्न समुह, समिति, संञ्जाल एवं क्वहरुको क्षमता विकास अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।
- महिनावारी स्वच्छता व्यवस्थापन र अपाङ्गता भएका बालबालिकाहरुको गुणस्तरिय शिक्षा सुनिश्चित गर्न जोड दिईनेछ।
- महिनावारी स्वच्छता र छाउपडि प्रथा सम्बन्धी धर्मगुरु, पुजारी, वडघर, विद्यालय र समुदायस्तरमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयस्तरमा बालबिवाह तथा लागुपदार्थ दुर्ब्यसनी न्यूनीकरण र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।

**<u>वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापनः</u>**

- ❖ समुदाय स्तरमा रहेका विपद् ब्यवस्थापन समितिहरुलाइ संस्थागत गर्न कार्यविधि तयार गरी विपद् ब्यवस्थापन समितिहरुलाई सूचिकृत गरिनेछ ।
- ❖ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी लागु गरिनेछ। विपद् पूर्व र विपद् पश्चातका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषको लागि आवश्यक रकमको सुनिश्चितता गरिनेछ।
- ❖ सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी दमकलको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय आपतकालीन कार्य संचालन केन्द्रलाई २४ सै घन्टा सन्चालन गर्ने व्यवस्था गरिनेछ।
- ❖ सरोकारवाला निकायहरुको समन्वय एवम् सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन गर्दै आवधिक योजनामा मुलप्रबाहीकरण गरिनेछ।
- ❖ बाढी, भुकम्प, आगलागी जस्ता प्रकोप लक्षित कृत्रिम घटना अभ्यासलाई निरन्तरता दिईनेछ।
- ❖ जलवायु परिवर्तन, विपद् ब्यवस्थापन र बाढी उत्थानशीलताका बारेमा विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्दै समुदायमा जनचेतना फैलाउने कार्यक्रम संचालन गरिनेछ।
- ❖ जोखिम संम्वेदनशील भू-उपयोग नीति तथा योजना निर्माण एवं कार्यान्वयन गरिनेछ।
- ❖ समुदायसँगको सहकार्यमा फ्रुट फरेष्ट कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विकास निर्माण तथा भौतिक संरचना निर्माण गर्दा जलवायु परिवर्तनका सम्भावित जोखिमहरु लाई मध्यनजर गर्दै विपद् मैत्री विकासको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।
- ❖ बाढीजन्य प्रकोपबाट समुदायमा हुने जनधनको क्षतिलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न सुचाङ्कमा आधारित बाढी बिमा कार्यक्रमलाई निरन्तरता दिनेछ।
- ❖ बाढी प्रकोपको जोखिम न्यूनिकरण र उत्थानशीलता वृद्धिका लागि प्राकृतिक प्रणालीमा आधारित समाधानहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- ❖ नदी, झरन, वाटो र बाढीको उच्च जोखिम रहेको क्षेत्रमा वृक्षारोपण अभियान संचालन गरिनेछ।
- ❖ विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका, वडा एवम् समुदाय स्तरमा रहेका विपद् ब्यवस्थापन समितिहरुको क्षमता अभिवृद्धि गरिनेछ।
- ❖ विपद् जन्य घटनाबाट प्रभावित समुदायका प्रतिनिधी तथा स्वंयमसेवकहरुलाई खोज, उद्धार र प्राथमिक उपचार सम्बन्धी तालिम दिई सम्भाव्य विपद्को जोखिम न्यूनिकरणको लागी तयार राखिनेछ।
- ❖ समुदायस्तर र बिद्यालयमा खोज, उद्धार र अग्नि नियन्त्रण सामाग्रीको ब्यबस्थापन गरिनेछ ।
- ❖ वातावरण संरक्षण, विपद् जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धि विभिन्न सचेतनामुलक कार्यक्रमहरु समुदाय तथा विद्यालय स्तरमा सञ्चालन गरिनेछ।
- ❖ बाढी तथा अन्य विपद्को अवस्थामा बिद्यालयको शिक्षण सिकाइलाई नियमित गर्न बैकल्पिक शिक्षाको प्रवन्ध गरिनेछ।

- बाढी प्रकोपको जोखिममा रहेका समुदायमा आवश्यकता अनुसार सुरक्षित आश्रयस्थल, सुरक्षित अन्न भण्डार, उच्च मचान, शौचालय र उच्च धारा जस्ता पुर्वाधारहरुको निर्माण गर्नुका साथै सोको नियमित मर्मत सम्भारको कार्य गरिनेछ।
- ्जङ्गली जनवारबाट हुने आक्रमणको रोकथाम तथा न्यूनिकरण गर्न प्राकृतिक मार्गको संरक्षण र मेसवायर तारवार गर्ने तथा आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।

<u>पर्यटन,सस्कृति र कलाः</u>

- थारु संस्कृति संरक्षण तथा सम्बर्दनका लागी थारु संग्राहलयको व्यवस्थापनको लागी आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्बन्धी विद्युतीय माध्यमहरुबाट कमर्सियल विज्ञापनहरु सञ्चालन गरिनेछ।
- ऐतिहासिक, धार्मिक संस्कृति, भौतिक एवं पूरातात्विक संरचनाहरुको संरक्षण गरिनेछ।
- माघी मिलन कार्यक्रम निरन्तरता गरिनेछ।
- खश सस्कृति (डेउडा) को प्रर्वद्धन गर्न व्यवस्था गरिनेछ ।
- **एक वडा एक पर्यटकीय स्थलको** पहिचान गरि पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय स्थलको प्रचारप्रसारमा जोड दिइनेछ।
- सवै जातजाती धर्मावलम्वीहरुको कला, संस्कृतिको स-सम्मान संरक्षण गरिनेछ।
- ओखरिया ईन्टेक क्षेत्रलाई पर्यटन गन्तव्यको रुपमा विकसित गरिनेछ ।
- स्थानीय रुपमा संञ्चालन भएको होमस्टेलाई प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।

**सभाका सदस्य ज्यूहरु**

गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी यस गरिमामय सभामा प्रस्तुत गर्ने सु-अवसर प्रदान गर्नुहुने सम्पूर्ण गेरुवा बासी आमावुवा, दाजुभाई, दिदीवहिनी तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने गाउँपालिका स्थित राजनीतिक दल, कार्यपालिका सदस्य ज्यूहरु, बुद्धिजिबी, समाजसेवी र गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद।

जमान सिं के.सी.

अध्यक्ष

गेरुवा गाउँपालिका, बर्दिया

मिति: २०८२/०३/०४ गते बुधवार